गाउँसभाको १८ औं अधिवेशनको २०८३ असार १५ गते सोमबार बसेको तेस्रो बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री देवकी तिमल्सिना(रोकाया) ज्यूले प्रस्तुत गर्नुभएको

# आ. व. २०८३/०८४ को बजेट वक्तव्य

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
सर्केगाड, हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०८३

गाउँसभाका सभाध्यक्ष ज्यू,

सम्पूर्ण सदस्य ज्यूहरु,

१. नेपालको संविधानको धारा २२९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ मा भएको व्यवस्था बमोजिम सर्केगाड गाउँपालिकाको उपाध्यक्ष तथा गाउँसभा सदस्यको हैसियतले गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । पूर्वाधार निर्माण, आर्थिक तथा सामाजिक विकास र सुशासनको माध्यमबाट नागरिकको विकास र सम्वृद्धिको आकांक्षालाई सम्बोधन गर्ने गरी तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

२. यस अवसरमा सर्वप्रथम म लोकतन्त्र प्राप्ति एवम सुदृढीकरणका लागि विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्षका क्रममा अमुल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धा सुमन अर्पण गदर्छु ।

३. मुलुकका सबै स्थानीय तहहरु जस्तै सर्केगाड गाउँपालिका पनि आन्तरिक राजस्वको न्यून परिचालन तथा वित्तीय हस्तान्तरणमार्फत आउने अनुदानमा निर्भर रहनुपर्ने बाध्यताकाबीच चालु खर्च घटाउँदै पूँजीगत बजेट र पूजिँगत खर्च बढोत्तरी गर्दै जानुपर्ने चुनौती हाम्रो सामू रहेको अवगत गराउन चाहन्छु ।

४. राष्ट्रिय स्तरमा नै देखा परेको राजस्व संकुचन तथा अनुमान गरिएका वित्तीय हस्तान्तरणका अनुदान रकमको समेत कटौती हुने गरेको यो विषम् परिस्थितिका बीच यस सभामा पेश गर्न लागिएको आगामी आ व २०८३/०८४ को बजेट तथा आय व्ययको अनुमानको प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक सेवा प्रवाह र विकासलाइ व्यवस्थित गर्न सामूहिक प्रयत्नमा जुट्न सबैसामू अपिल गदर्छु ।

५. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा संविधानप्रदत्त मौलिक हक, राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सोह्रौं आवधिक योजना कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षिय योजना तथा सर्केगाड गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाका साथै दिगो विकास लक्ष्य सहित अन्तराष्ट्रियस्तरमा गरिएका प्रतिवद्धताहरु मध्यमकालीन खर्च संरचना, गाउँपालिकाको बजेटका

प्राथमिकता र सिद्धान्तहरु एवम विभिन्न क्षेत्रका अगुवा एवम विज्ञहरुबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छ ।

६. पूर्वाधार विकास आर्थिक सामाजिक विकास एवम उत्पादनमूलक क्षेत्रमा सरकारी निजी तथा सहकारी क्षेत्रको सहलगानी वृद्धि गरी समतामूलक विकास मार्फत **आत्मनिर्भरताउन्मुख सर्केगाडको** लक्ष्य हासिल गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

७. प्रस्तुत बजेट तथा कार्यक्रम सर्केगाड गाउँपालिकाको पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, मानव संशाधन विकासमा उपलब्ध साधन श्रोतको प्रभावकारी परिचालन गरी दिगो आर्थिक वृद्धि स्वरोजगार उद्यमशिलता विकासतर्फ केन्द्रित रहेको छ ।

सभाध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु

८. अब म सर्केगाड गाउँपालिकाको चालु आ व ०८२/०८३ को बजेटको कार्यान्वयनको स्थिति संक्षिप्तमा राख्ने अनुमति चाहन्छु ।

- चालु आ व ०८२/०८३ मा प्रस्तावित आय उनान्साठी करोड अठतिस लाख छयहत्तर हजार छ सय बयानब्बे रहेकोमा २०८२ जेष्ठ मसान्तसम्मको निकासाको अवस्थालाइ हेर्दा अर्थात ८५.७८ प्रतिशत भएको छ ।
- चालु आ व ०८२/०८३ मा संघिय सरकारको राजश्व बाँडफाँडबाट रु. १००७६८६९२ **(अक्षेरुपी दश करोड सात लाख अठसठ्ठी हजार छ सय बयानब्बे मात्र )** प्रस्तावित भएकोमा हालसम्म ८४३७९६८३ **(अक्षेरुपी आठ करोड त्रिचालिस लाख उनासी हजार छ सय त्रियासी रुपैया)** अर्थात ८३.७४ प्रतिशत प्राप्त भएको छ, भने संघीय समानिकरण अनुदानतर्फ रु ९२०००००० **(अक्षेरुपी नौ करोड बीस लाख)** प्रस्तावित भएकोमा ८४१३४००० **(अक्षेरुपी आठ करोड एकचालिस लाख चौतीस हजार)** अर्थात ९१.४५ प्रतिशत प्राप्त भएको छ ।
- त्यसैगरी प्रदेश सरकारको राजश्व बाँडफाँडबाट २०००००० **(अक्षेरुपी बीस लाख)** प्रस्तावित भएकोमा हालसम्म ७०२७६९ अक्षेरुपी सात लाख दुइ लाख हजार सात सय उनान्सत्तरी रुपैया मात्र अर्थात ३५.१४ प्रतिशत प्राप्त भएको छ, भने प्रदेश समानिकरण अनुदानतर्फ १०४३८००० **(अक्षेरुपी एक करोड चार लाख अठतिस हजार)** प्रस्तावित भएकोमा शत प्रतिशत प्राप्त भएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को जेष्ठ मसान्तसम्मको खर्चको स्थिति हेर्दा कुल विनियोजित बजेटको करिब ४५.४७ प्रतिशत रहेको छ । जसमा चालु खर्च ५६.५३ प्रतिशत र पूजिगत खर्च २९.९४ प्रतिशत रहेको छ ।

- चालु आर्थिक वर्षमा संघीय सरकारको विशेष अनुदानतर्फ प्रविधिमैत्री पूर्वाधार र क्षमता अभिवृद्धिमार्फत शिक्षाको गुणस्तर सुधार परियोजना अन्तर्गत सर्केगाड गाउँपालिका वडा नं. ४ मा रहेको हिमज्योती नमुना माध्यामिक विद्यालयको घेरबार निर्माण कार्य भइरहेको छ भने प्रविधिमैत्री शैक्षिक तथा शिक्षण सामग्री खरिदको कार्य समेत भइरहेको छ । त्यसैगरी संघीय सरकारको सशर्त अनुदान अन्तर्गत स्थानीय तहको लागत साझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रमबाट भवानी आधारभूत विद्यालय गोठी र दुल्ली आधारभूत विद्यालय दुल्लीमा ४/४ कोठे पक्की भवन निर्माणको कार्य करिब अन्तिम चरणमा रहेको छ ।
- गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको १५ शैयाको अस्पताल निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ भने यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ ।
- संघीय सरकार तथा प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत गाउँपालिकाको लागत साझेदारीमा सर्केगाड देखि गैरीसाया डाडासाया हुँदै बराइसम्म सडक निर्माण योजना निर्माणको अन्तिम चरणमा रहेको छ साथै आगामी आर्थिक वर्षमा समेत उक्त सडकलाइ निरन्तरता दिइ निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।
- कृषि विकास जिवनस्तर सुधार तथा आय आर्जन सुधार कार्यक्रम अन्तर्गत कृषक समुहहरुलाइ अनुदानमा बाख्रा वितरणको कार्यक्रम सञ्चालन भइरहेको छ भने आन्तरिक उत्पादन अभिवृद्धि गर्ने उद्देश्यले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँगको सम्झौता अनुसार करिब ३०० क्विन्टल सिमी बिक्रि गरी कृषकलाइ प्रोत्साहन गर्ने कार्य सम्पन्न भइरहेको छ भने आगामी आर्थिक वर्षमा समेत उक्त कार्यक्रमलाइ निरन्तरता दिइएको छ । त्यसैगरी कृषि उपजको संकलन बिक्रि वितरण तथा भण्डारणका लागि सर्केगाड ४ झापुकुनामा कृषि उपज संकलन केन्द्र निर्माण भइरहेको छ।

- पर्यटकिय क्षेत्र विस्तार तथा पर्यटन प्रवर्द्धन कार्यक्रम तर्फ गाउँपालिकाको वडा नं. ३ मा रिगाडचुली पर्यटकिय पदमार्ग, वडा नं. ५ मा भुवा कल्लास पोखी पर्यटकिय पदमार्ग एवम पार्क निर्माण, वडा नं. ६ मा देवकाँध पर्यटकिय पदमार्ग निर्माण नाप्लेथाप्ले पर्यटकिय पदमार्ग मन्दिर तथा पार्क निर्माण तथा औल बराइ देखि लेखबराइ हुँदै लबदर देवि ज्वार्ना पर्यटकिय पदमार्ग तथा देवि मन्दिर निर्माण कार्य सम्पन्न हुने चरणमा रहेका छन् ।
- सर्केगाड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा आ.व. ०८२/८३ मा सुचिकृत भएका ९७९ बेरोजगारहरु मध्ये नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम गाउँपालिकाभरीका ८० जना सूचिकृत बेरोजगारहरुले ५० दिन बराबरको रोजगारी प्राप्त गरेका छन भने कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिका भरीका २९० जना सुचिकृत बेरोजगारहरुले ३० दिनको रोजगारी प्राप्त गरेका छन । त्यसैगरी गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत १२ जना उद्यमीहरुले अटी मोबाइलसम्बन्धि तालिम प्राप्त गरेका छन् ।
- स्वास्थ्य कार्यक्रम तर्फ वडा नं. १, ४ र ६ मा गरी ४ वटा स्वास्थ्य भवन निर्माण कार्य भइरहेको छ भने वडा नं. ७ मा रोडिकोट स्वास्थ्य चौकी मर्मत घेरबार कार्य निर्माणाधिन रहेको छ । त्यसैगरी निःशुल्क छाला शिविर, निःशुल्क मोतिविन्दु अपरेशन तथा आखा उपचार शिविर, महिलाहरुको प्रजनन स्वास्थ्य शिविर औषधोपचार सेवा पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा, ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा लगायतका कार्यहरुसम्पन्न भएका छन् ।
- दिगो खानेपानी सरसफाइ स्वच्छता तथा सरसफाइ कार्यक्रममार्फत गाउँपालिकाको साझेदारीमा सर्केगाड बृहद खानेपानी कोट मा वि सिमाली खानेपानी उनापानी खानेपानी रिप गाउँ खानेपानी लगायत ८ वटा खानेपानी आयोजना तथा २ वटा लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय निर्माण कार्य भइरहेका छन् ।
- सिँचाइ पूर्वाधार विकास अन्तर्गत यस आर्थिक वर्षमा विभिन्न १० वटा सिचाइ आयोजना निर्माण भइसकेका छन

सभाध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु

अब म आगामी आ व २०८३/०८४ को बजेट विनियोजनका आधारहरु राख्न अनुमति चाहन्छु ।

- → नेपालको संविधानका धारा २२९ मा गाउँपालिकाको सञ्चित कोष र सो कोषबाट धारा २३० अनुसार गाउँपालिकाको राजस्व र व्यको अनुमान गाउँसभामा पेश गर्ने प्रावधान रहेको छ ।
- → स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ मा गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी प्रावधान रहेको ।
- → अन्य संघीय, प्रदेश कानुन तथा सर्केगाड गाउँपालिकाको स्थानीय नीति तथा कानुनहरु ।

९. बजेटका प्राथमिकताहरु निम्न छन्

- → सडक पूर्वाधार
- → आधारभूत तथा माध्यामिक शिक्षा
- → स्वास्थ्य
- → स्वच्छ खानेपानी तथा सरसफाइ
- → रैथाने बाली प्रवर्द्धन संरक्षण उत्पादन तथा बजारीकरण तथा कृषि विकास
- → सिचाई
- → सूचना तथा सञ्चार प्रविधि
- → विद्युत तथा वैकल्पिक उर्जा
- → संस्कृति प्रवर्द्धन

गाउँ सभाध्यक्ष ज्यूसदस्य ज्यूहरु,

अब म आ व २०८३/०८४ को बजेट र कार्यक्रम संक्षेपमा राख्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण संलग्न विनियोजन विधेयकमा समावेश गरेको छु ।

# आ.व. ०८३/०८४ को प्रस्तावित आय व्यय विवरण

| आयतर्फरु. हजारमा | | | | व्ययतर्फ | | | रु. हजारमा |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **बजेट शीर्षक** | **रकम(अंकमा)** | **रकम (अक्षरमा)** | **क्र.सं.** | **बजेट शीर्षक** | **रकम** | **कैफियत** |
| १ | संघीय राजश्व बाडफाड | १०४६१४००० | दश करोड छयालिस लाख चौध हजार मात्र | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १०५०००००० | दश करोड पचास लाख मात्र |
| २ | संघीय समानीकरण अनुदान | ९३३००००० | नौ करोड तेत्तिस लाख मात्र | २ | संघिय विशेष अनुदान | ६८००००० | अठसठ्ठी लाख मात्र |
| ३ | संघीय समपुरक अनुदान | १६३००००० | एक करोड त्रिसठ्ठी लाख मात्र | ३ | संघिय सशर्त अनुदान | २१२९००००० | एक्काइस करोड उनान्तिस लाख मात्र |
| ४ | संघीय विशेष अनुदान | ६८००००० | अठसठ्ठी लाख मात्र | ४ | प्रदेश सशर्त अनुदान | ५५९७१००० | पाँच करोड उनान्साठी लाख एकहत्तर हजार मात्र |
| ५ | संघीय सशर्त अनुदान | २१२९००००० | एक्काइस करोड उनान्तिस लाख मात्र | ५ | संघीय समपूरक अनुदान | १६३००००० | एक करोड त्रिसठ्ठी लाख मात्र |
| ६ | प्रदेश राजश्व बाडफाँड | १५७००९२ | पन्ध्र लाख सत्तरी हजार बयानब्बे | ६ | प्रदेश समपूरक अनुदान | २७८००००० | दुइ करोड अठहत्तर लाख मात्र |
| ७ | प्रदेश समानीकरण | १०९६०००० | एक करोड नौ लाख साठी हजार मात्र | ७ | प्रदेश विशेष अनुदान | १०५००००० | एक करोड पाँच लाख मात्र |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | |
| ८ | प्रदेश समपुरक अनुदान | २७८००००० | दुइ करोड अठहत्तर लाख मात्र | ८ | वडास्तरीय आयोजना कार्यान्वयन | ३२०००००० | तीन करोड बीस लाख |
| ९ | प्रदेश विशेष अनुदान | १०५००००० | एक करोड पाँच लाख मात्र | ९ | समपूरक आयोजनाका लागि साझेदारी | ४२१५०००० | चार करोड एक्काइस लाख पचास हजार मात्र |
| १० | प्रदेश सशर्त अनुदान | ५५९७१००० | पाँच करोड उनान्साठी लाख एकहत्तर हजार मात्र | १० | विषयगत कार्यक्रम सञ्चालन (शिक्षा स्वास्थ्य कृषि लगायत तोकिए बमोजिम) | १५०००००० | एक करोड पचास लाख मात्र |
| ११ | आन्तरिक आम्दानी | २०००००० | बीस लाख मात्र | ११ | पछि परेको वर्ग लक्षित कार्यक्रम सञ्चालन | १५००००० | पन्ध्र लाख मात्र |
| १२ | | | | १२ | अन्य पूजिगत खर्च | १६७९४०९२ | एक करोड सतसठ्ठी लाख चौरानब्बे हजार बयानब्बे मात्र |
| | **जम्मा आम्दानी** | ५४२७९४०९२ | चवन्न करोड सत्ताइस लाख चौरानब्बे हजार बयानब्बे मात्र | | जम्मा खर्च | ५४२७९४०९२ | चवन्न करोड सत्ताइस लाख चौरानब्बे हजार बयानब्बे मात्र |

सभाध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु

कुल बजेटबाट संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान, प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान, सामाजिक सुरक्षा तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदानको रकम घटाउँदा प्राप्त हुने अनुमानित रकम तथा गाउँपालिकाको आन्तरिक स्रोत समेत जोड्दा कायम हुन आउने रु २१२४४४०९२ अक्षेरुपी **(एक्काइस करोड चौबीस लाख चवालिस हजार बयानब्बे रुपैया)** मध्ये चालुतर्फ रु १०५०००००० ।– **(अक्षेरुपी दश करोड पचास लाख मात्र)** अर्थात ४९.४२ प्रतिशत र पुँजीगत तर्फ १०७४४४०९२।– **(अक्षेरुपी दश करोड चौरहत्तर लाख चवालिस हजार बयानब्बे रुपैया)** अर्थात ५०.५८% विनियोजन गरेको छु ।

**अब म विभिन्न विषय क्षेत्रगत विनियोजन संक्षेपमा राख्न अनुमति चाहन्छु ।**

१. **आर्थिक विकास:** आर्थिक विकास अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी तथा वित्तिय क्षेत्रहरु पर्ने जानकारी गराउन चाहन्छु । जसका लागि आगामी आर्थिक वर्षमा गाउँपालिकामा कृषि प्रविधि, बिउबिजन तथा किटनाशक औषधी खरिद तथा वितरण, उत्पादनमा आधारित कृषि अनुदान, रोग किरा निदान, साना सिँचाइ, पशु रोग निदान तथा उपचार स्वास्थ्य सेवा मुहान संरक्षण पर्यटकिय क्षेत्र विकास तथा प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालनका लागि एकमुष्ठ रु **एक करोड पैतिस लाख** विनियोजन गरेको छु

२. **सामाजिक विकास**: यस अन्तर्गत शिक्षा, स्वास्थ्य, दिगो खानेपानी तथा सरसफाई, कला, साहित्य, एकल महिला जेष्ठ नागरिक बालबालिका दलित तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक फरक क्षमता भएका व्यक्तीहरुको सहजिकरण सशक्तिकरण र विकास लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संकट व्यवस्थापन फोहोरमैला व्यवस्थापन पोषण, सर्ने तथा नसर्ने रोगको निदान तथा उपचार मातृ शिशु तथा प्रजनन स्वास्थ्य संस्कृति प्रवर्द्धन, खेलकुद मनोरञ्जन, लगायत कार्यक्रमहरु पर्ने जानकारी गराउन चाहन्छु ।सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि एकमुष्ठ **रु दुइ करोड चौतिस लाख** विनियोजन गरेको छु ।

३. **पूर्वाधार विकास:** यस विषय क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पुल, सिचाई, भवन, दिगो ऊर्जा, सञ्चार, सडक तथा बाटो निर्माण तथा अन्य भौतिक संरचनाको स्तरोन्नति विषय समेटिएका छन् । आगामी आर्थिक वर्ष ०८३/०८४ मा पूर्वाधार क्षेत्रको विकासका लागि एकमुष्ठ **रु छ करोड उनान्साठी लाख पचासी हजार** विनियोजन गरेको छु ।

४. **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र:** यस अन्तर्गत वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, विपद् व्यवस्थापन महामारी व्यवस्थापन आकस्मिक संकट व्यवस्थापन लगायतका विषयक्षेत्रहरु पर्ने जानकारी गराउन चाहन्छु । आगामी आर्थिक वर्ष ०८३/०८४ मा वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालनका लागि **रु पचास लाख** विनियोजन गरेको छु ।

५. **संस्थागत विकास र सुशासन:** यस विषय क्षेत्र अन्तर्गत सामान्य सार्वजनिक सेवा प्रवाह, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, अभिलेख व्यवस्थापन, अनुसन्धानका क्रियाकलाप लगायत क्षेत्र पर्दछन् । यस प्रकारका कार्यक्रम सञ्चालनका लागि **रु दश करोड पचास लाख** विनियोजन गरेको छु ।

६. **वडागत बजेट:** वडा अन्तर्गत अत्यावश्यक विकास कार्यहरुको व्यवस्थापन तथा सञ्चालन गर्न जनताको घरदैलोबाट प्रवाह हुने सेवालाइ प्रभावकारी सुलभ र पहुँचयोग्य तुल्याउन चालु र पुँजीगत गरी रु **तीन करोड बीस लाख** बजेट विनियोजन गरेको छु ।

गाउँ सभाका अध्यक्ष ज्यू,
सम्पूर्ण सदस्य ज्यूहरु,
अब म अन्य विविध क्षेत्रहरुमा विनियोजित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

- महिला बालबालिका आदिवासी जनजाति दलित अल्पसंख्यक वा पिछडिएको वर्ग क्षेत्र लगायतका समुदायको सशक्तीकरण र विकासका लागि सिप विकास तथा संस्थागत कार्यक्रम सञ्चालन गर्नुका लैङ्गिक हिंसा न्यूनिकरण सचेतना विस्तारका कार्यक्रम लक्षित वर्ग उत्थान कार्यक्रम सञ्चालन तथा मूल प्रवाहीकरणका लागि गाउँपालिकाभित्र सञ्चालित राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्थासँगको समन्वय र साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- **सडक, शिक्षा स्वास्थ्य कृषि विकास तथा पूर्वाधारमा प्राथमिकता सर्केगाडको विकासमा तिव्रता** भन्ने सर्केगाड गाउँपालिका भन्ने नाराका साथ पूर्वाधार तथा सामाजिक विकासका लागि संघीय सरकार तथा प्रदेश सरकारसँगको लागत साझेदारीमा आयोजना

कार्यान्वयनका लागि समपुरक योजनाका लागि लागत साझेदारी शीर्षकमा रु ४२१५००००।– अक्षेरुपी चार करोड विनियोजन गरेको छु

- सर्केगाड गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माणका लागि संघीय सरकारको लागत साझेदारीमा निर्माण कार्य अघि बढाउनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- उत्पादनमा आधारित कृषि अनुदान कार्यविधि बमोजिम स्थानीय रैथाने बालीको उत्पादन वृद्धिका लागि कृषकलाइ प्रोत्साहन गर्न स्थानीय उत्पादन सिमी चिनो कागुनोमा उत्पादनमा आधारित भइ प्रोत्साहन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- विकासको मुख्य पूर्वाधारको रुपमा रहेको शिक्षाको गुणस्तर सुधार गरी गुणात्मक शैक्षिक जनशक्ती उत्पादनका लागि संघीय सरकारको विशेष अनुदान अन्तर्गत प्रविधिमैत्री पूर्वाधार र क्षमता अभिवृद्धिमार्फत शिक्षाको गुणस्तर सुधार परियोजना गत आर्थिक वर्ष ०८०/०८१ देखि कार्यान्वयन गरिदै आएकोमा उक्त कार्यक्रमलाइ आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिंदै स्मार्ट स्कुल परियोजना अघि बढाइने छ ।
- विकासको साधन र साध्य दुबै नागरिक नै भएको तथ्यलाइ अनुसरण गरी स्वस्थ सबल र सक्षम मानव पूजी निर्माणका लागि स्वास्थ्य जस्तो महत्वपूर्ण क्षेत्रलाइ मुख्य प्राथमिकतामा राख्दै गाउँपालिकाभित्र कार्यरत विभिन्न गैर सरकारी संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन नियमित उपचार सेवा आकस्मिक सेवा व्यवस्थापन तथा औषधी उपचार सेवाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सर्केगाड गाउँपालिकाको कृषि उत्पादनको प्रचुर सम्भावनालाइ मध्यनजर गर्दै उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन, निःशुल्क बिउबिजन किटनाशक औषधी खरिद तथा वितरण निःशुल्क पशु उपचार सेवा घरदैलो पशु स्वास्थ्य शिविर सञ्चालन रैथाने बाली प्रवर्द्धन लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- सर्केगाड गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी कार्यालय सहयोगी र बालविकास केन्द्रमा कार्यरत बालबिकास सहजकर्ताहरुको लागि हाल खाइपाइ आएको तलबमा २० प्रतिशतले थप गरेको छु ।
- दिगो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजना(सुस्वा) अन्तर्गत आगामी आर्थिक वर्षमा पनि खानेपानी योजना निर्माण शौचालय निर्माण सरसफाइ स्वच्छता चेतना विस्तार क्षमता विकासका कार्यक्रमहरु गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन गरिनेछ यसका लागि बजेट व्यवस्था गरेको छु ।
- सर्केगाड गाउँपालिकाको विकास र सम्वृद्धिको चाहना पूरा गर्न सर्केगाड गाउँपालिकाको पहलमात्र पर्याप्त नहुने भएको हुँदा गाउँपालिकाभित्र कार्यरत रहेका र आगामी आर्थिक वर्षमा

सञ्चालन गर्ने कार्यक्रम सहित पेश हुन आएका विकासका साझेदारहरु महिला कल्याण सेवा, कर्णाली किर्डाक नेपाल, सिप नेपाल, हिमाली एकिकृत विकास केन्द्र(SIDC), सामुदायिक वन उपभोक्ता महासंघ सर्केगाड लगायतका सम्पूर्ण विकास साझेदारहरुको कार्यक्रमहरुसँग समन्वय साझेदारी तथा तादम्यता कायम गरी विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- स्वरोजगारी सिर्जना घरेलु तथा साना उद्योग प्रवर्द्धन र विकास गरी युवाहरुलाइ आत्मनिर्भरता तर्फ उन्मुख गराउन सर्केगाड गाउँपालिका रोजगार सेवा केन्द्र तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँगको समन्वयमा स्वरोजगारी रोजगारी सिर्जनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानीयस्तरमा हुने साना साना टुक्रे विकासका कार्यक्रमहरु सञ्चालन गर्न तथा नागरिकको नजिक रहेर सरकारको प्रत्याभूति दिदै प्रभावकारी सेवा प्रवाहलाइ वडा कार्यालयबाटै व्यवस्थापन गर्नका लागि पूजिगत तथा चालुसमेत गरी एकमुष्ठ रु तीन करोड बिस लाख विनियोजन गरेको छु ।
- सर्केगाड गाउँपालिकाको परियोजना बैंक तर्जुमा भइसकेको हुँदा निजी क्षेत्र सहकारी क्षेत्र तथा साझेदारहरुबीच सर्केगाड गाउँपालिकाको विकास र सम्वृद्धिको लागि लगानी सम्मेलन आयोजना गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- सर्केगाड गाउँपालिका अन्तर्गतका बर्थिङ सेन्टर नभएका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य एकाइहरुमा बर्थिङ सेन्टर स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक प्रशासन सञ्चालनका सम्बन्धमा नेपाल सरकारले अवलम्बन गरेको प्रविधिमैत्री सेवाग्राहीमैत्री प्रशासन सञ्चालन गर्न कर्मचारीहरुलाइ विभिन्न विषयगत तथा कार्यगत तालिमको व्यवस्था गरीनेछ । साथै प्रविधिमैत्री पूर्वाधारको व्यवस्था गरी डिजिटल गाउँपालिका निर्माणका लागि आवश्यक व्यवस्था गरिने छ ।
- नागरीकको गाउँपालिकाबाट कार्यालयीय सेवामा ढिलासुस्ती सम्बन्धी गुनासो व्यवस्थापन गर्न तथा सेवा प्रवाहलाइ छिटो छरितो बनाइ नागरिक सन्तुष्टि अभिवृद्धि गर्न द्रुत सेवा तथा शुन्य फाइल अभियान सञ्चालन गरिने छ । साथै गाउँपालिकाबाट सञ्चालित कार्यक्रम योजना तथा सेवा प्रवाहको सम्बन्धमा कार्यालयको सार्वजनिक जवाफदेहिता कायम राख्नका लागि सार्वजनिक सुनुवाइ सामाजिक लेखापरिक्षण नागरिक सन्तुष्टि सर्वेक्षणलाइ चौमासिक रुपमा अनिवार्य रुपमा कार्यान्वयन गरि सुशासन युक्त गाउँपालिका बनाइनेछ ।
- नेपाल सरकार वन मन्त्रालय तथा नेपाल प्रकृति संरक्षण कोषसँगको समन्वयमा कस्तुरी संरक्षण केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

अन्त्यमा यो बजेट निर्माणको क्रममा बस्ती स्तरको भेलादेखि, विभिन्न विषयगत समिति, गाउँ कार्यपालिकाको बैठकसम्म सल्लाह सुझाव तथा पृष्ठपोषणमार्फत प्रत्यक्ष-परोक्ष रुपमा सहयोग गर्नुहुने समस्त सरोकारवालाहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्छु । मैले यस सम्मानित सभामा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताहरुमाथि श्रद्देय अध्यक्ष्य ज्यू, कर्मचारी वर्ग तथा सभाका आदरणीय सदस्यहरुबाट प्राप्त सुझाव र मार्गदर्शनका लागि हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट तर्जुमाका क्रममा प्राप्त सुझावका लागि आम सर्केगाडबासी नागरिक, राजनीतिक दल, निजी क्षेत्र, विकास साझेदार, सञ्चार जगत लगायत बजेट तर्जुमा संलग्न सबै राष्ट्रसेवक कर्मचारीहरुमा धन्यवाद व्यक्त गर्दछु । गाउँपालिकाको स्रोत परिचालनमा महत्त्वपूर्ण योगदान गर्नुहुने आम करदाताहरु प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।साथै सरोकारवाला सबैको अर्थपूर्ण सहभागिता र सहयोगमा तर्जुमा गरिएको आगामी आर्थिक वर्ष ०८३/०८४ को बजेट तथा कार्यक्रमलाइ यस सम्मानित सभाबाट सर्वसम्मतले अनुमोदन गरिदिनुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

**धन्यवाद ।**